# आर्थिक वर्ष २०८१/८२ को


# वार्षिक प्रगति प्रतिवेदन २०८२

## महाभारत गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## देविटार, काभ्रेपलाञ्चोक

# गाउँपालिकाको भौगोलिक तथा प्रशासनिक नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## <u>महाभारत गाउँपालिकाको संक्षिप्त परिचय</u>

**कुल क्षेत्रफलः** १८६ वर्ग कि.मि.

**कुल जनसंख्याः** १६,०७९ (२०७८ को जनगणना) र **घरपरिवार संख्याः** ३,१७४

**वडा संख्याः** ८ (साविकका ५ गाविसः गोकुले, फोक्सिङ्टार, घर्तिछाप, बनखुचौर, बुढाखानी)

**समुदाय/जातजातिः** तामाङ, मगर, नेवार, बाहुनक्षेत्री, माझी, दलित, पहरी

**शैक्षिक संस्थाहरुः**

**विद्यालय :** ५० वटा **सामुदायिक सिकाइ केन्द्रः** ३ वटा **साक्षरताः** ७०.२९%

**माविः** ८ **बालविकास केन्द्रः** ३८ **प्राविधिक विद्यालयः** १ (कृषिः बाली विज्ञान)

**स्वास्थ्य संस्थाः** **अस्पतालः** १(निर्माणधीन) **स्वास्थ्य संस्थाः** १२

<u>प्रमुख पर्यटकीय गन्तव्यहरुः</u>

- महाभारत(म्हाबर) लेक (भूमेचुली, ताराखसे, चैतेपानी)
- बनखुचौर
- गोपेडाँडा कोन्ज्योसोम बुद्धपार्क
- हजार सिंढी सल्लेनी बुद्धपार्क
- बेतिनी लेक
- रमिते डाँडा
- देवीटार
- गोकुले धाप
- कोखाजोर खोला
- बनखु खोला
- आहाले बाँसपुर

***<u>मौलिक उत्पादनहरु</u>***

- कफी (वडा नं २,३,४ र ५ पकेट क्षेत्र)
- अम्रेसो
- खुवा
- पीडालु
- कागती
- अदुवा
- दुध
- अलैची

*गाउँपालिकाको उपलब्धिहरु*

| सि नं. | कार्यसम्पादन सूचक | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | आ.व. २०८०।८१ |
|---|---|---|---|---|---|---|
| १ | महालेखाको प्रतिवेदन(प्रतिशत) | ०.४३ | ४.६० | ०.२६ | ०(शुन्य) ५ पालिका मध्ये एक | ०(शुन्य) देश भरीमा एकमात्र पालिका |
| २ | वित्तीय जोखिम मूल्याङ्कन(FRA) | | | ८१.५ | ७९.५ | ७७.५ |
| ३ | वित्त आयोग कार्यसम्पादन मूल्याङ्कन | | ६६.६८ | ४६ | ५८.२२ | ७४.१२ |
| ४ | संस्थागत स्वःमूल्याङ्कन(LISA) | ४० | ५४.५ | ५८.२५ | ६०.५ | ६६.५ |

*चालु आर्थिक वर्ष २०८१/८२ को वित्तीय प्रगति विवरण*

| सि.नं . | शीर्षक | विनियोजन(रु) | खर्च(रु) | प्रगति(%) |
|---|---|---|---|---|
| १ | कूल विनियोजन | ५७,३९,१३,६१७ | ३३९३९३३६७.८९ | ५९.१३ |
| २ | कूल चालु विनियोजन | ३४,१०,१०,६१७ | २३०९९८२३९.२१ | ६७.७३ |
| ३ | कूल पूँजीगत विनियोजन | २०,२९,०३,००० | १०८३९५१२८.६८ | ४६.५४ |

*चालु आर्थिक वर्षको विषयगत खर्च प्रगति विवरण*

| सि.नं. | विषयगत क्षेत्र | विनियोजन बजेट रु | खर्च रु | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,३५,०८,००० | १३१७९८७५ | ३९.३३ |
| २ | सामाजिक विकास | २६,१२,०१,०५० | १९०३३८८८३.०४ | ७२.८७ |
| ३ | पूर्वाधार विकास | १५,९४,७८,००० | ७२५१३५७४ | ४५.७६ |
| ४ | सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | १३४३८००० | ९९१८६१५ | ७३.८१ |
| ५. | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७६२८८५६७ | ३६८८७९९०.१७ | ४८.३५ |

| सि.नं. | विवरण | बैठक संख्या | कैफियत |
|---|---|---|---|
| १ | गाउँ सभा | १ | हिउँदे अधिवेशन |
| २ | कार्यपालिका | २० | |
| ३ | स्रोत अनुमान तथा सीमा निर्धारण समिति | २ | |
| ४ | स्थानीय राजश्व परामर्श समिति | २ | |
| ५ | पूर्वाधार विकास समिति | २ | |
| ६ | सामाजिक विकास समिति | २ | |
| ७ | आर्थिक विकास समिति | २ | |
| ८ | वातावरण तथा विपद व्यवस्थापन समिति | ८ | |
| ९ | संस्थागत तथा सुशासन विकास समिति | ५ | |
| १० | योजना तथा अनुगमन समिति | १० | |
| ११ | कर्मचारी स्टाफ बैठक | १५ | |

चालु आर्थिक वर्षको आर्थिक प्रशासन र राजस्व शाखाको प्रगिति विविरण

| सि.नं. | विषयगत क्षेत्र | विनियोजन बजेट रु | खर्च रु | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,३५,०८,००० | १३१७९८७५ | ३९.३३ |
| २ | सामाजिक विकास | २६,१२,०१,०५० | १९०३३८८८३.०४ | ७२.८७ |
| ३ | पूर्वाधार विकास | १५,९४,७८,००० | ७२५१३५७४ | ४५.७६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३४३८००० | ९९१८६१५ | ७३.८१ |
| ५. | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७६२८८५६७ | ३६८८७९९०.१७ | ४८.३५ |

चालु आ.व. को आम्दानी विवरण

| क्र. सं. | बजेट स्रोत | | वार्षिक अनुमानित आय | आम्दानी | प्राप्त प्रतिशत | प्राप्त हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार | समानीकरण अनुदान | ८०५००००० | ७३८६६८०० | ९२ | ६६३३२०० | |
| २ | | शसर्त अनुदान चालु | १७२९१६००० | १७२७०९००० | १०० | २०७००० | |
| ३ | | शसर्त अनुदान चालु- आई.डी.ए - शोधभर्ना हुने ऋण | ४२७२००० | ४३८६००० | १०३ | -११४००० | |
| ४ | | शसर्त अनुदान चालु- एस.इ.एस.पी. - शोधभर्ना हुने ऋण | ७१००००० | ७१००००० | १०० | ० | शतप्रतिशत |
| ५ | | शसर्त अनुदान चालु- एस.इ.एस.पी. - शोधभर्ना हुने अनुदान | ५३००००० | ५३००००० | १०० | ० | शतप्रतिशत |
| ६ | | शसर्त अनुदान चालु- युरोपियन युनियन. - नगद अनुदान | ३००००० | | ० | ३००००० | |
| ७ | | शसर्त अनुदान पुँजीगत - आन्तरिक ऋण - नगद | ४२००००० | ४२००००० | १०० | ० | शतप्रतिशत |
| ८ | | विशेष अनुदान पुँजीगत - आन्तरिक ऋण - नगद | १४०००००० | १४०००००० | १०० | ० | शतप्रतिशत |
| ९ | | समपुरक अनुदान पुँजीगत - आन्तरिक ऋण - नगद | ३००००००० | ३००००००० | १०० | ० | शतप्रतिशत |
| १० | बागमति प्रदेश | समानीकरण अनुदान - नगद | ७३१६००० | ७३१६००० | १०० | ० | शतप्रतिशत |
| ११ | | शसर्त अनुदान चालु - नगद | १४३७६००० | १४३७६००० | १०० | ० | शतप्रतिशत |
| १२ | | शसर्त अनुदान पुँजीगत- नगद | १०५००००० | १०५००००० | १०० | ० | शतप्रतिशत |
| १३ | | विशेष अनुदान पुँजीगत- नगद | ६६००००० | ६६००००० | १०० | ० | शतप्रतिशत |
| १४ | | समपुरक अनुदान पुँजीगत- नगद | २००००००० | २०००००００ | १०० | ० | शतप्रतिशत |
| १५ | | राजस्व बाँडफाँड (प्रदेश सरकार) | १८७४८०५० | १२३९६२४० | ६६ | ६३५१८१० | |
| १६ | | राजस्व बाँडफाँड (संघीय सरकार) | ९२३००००० | ७१७३९९४९.४५ | ७८ | २०५६००५१ | |
| १७ | | आन्तरिक आय | ८५४८५५६७ | २२७७३०७ | ३ | ८३२०८२६० | |

विषयगत क्षेत्रहरुको प्रगति प्रतिवेदन

## १. आर्थिक विकास

### क. कृषि

नेपाल एक कृषि प्रधान राष्ट्र हो, जहाँ करिब ६५% जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेशामा संलग्न छन्। कुल गार्हस्थ उत्पादन (GDP) को महत्वपूर्ण अंश कृषि क्षेत्रबाटै आउने गर्दछ। तर अझै पनि देशको कृषि प्रणाली परम्परागत, र मौसममा निर्भर छ। यही कारणले गर्दा कृषि क्षेत्रमा आधुनिकीकरण, व्यवसायिकरण र प्रविधिमैत्री प्रणाली आवश्यक रहेको राष्ट्रिय नीति र कार्यक्रममा बारम्बार जोड दिइँदै आएको छ। यही सन्दर्भमा, स्थानीय तहहरू राष्ट्रको कृषि रूपान्तरणका आधार बन्न थालेका छन्। त्यसैमध्ये एक अग्रसर र सम्भावनायुक्त उदाहरण हो — महाभारत गाउँपालिका महाभारत गाउँपालिका काभ्रेपलाञ्चोक जिल्लाको एक प्राकृतिक रूपमा समृद्ध, पहाडी भूभागमा फैलिएको गाउँपालिका हो। यहाँको मुख्य जीविकोपार्जनको आधार कृषि हो। पहाडका पाखा, भिरालो जमिन र अनुकूल मौसमका कारण यहाँ विभिन्न बाली तथा नगदे बाली उत्पादन गर्ने राम्रो सम्भावना छ। यही सम्भावनालाई पहिचान गर्दै गाउँपालिकाले कृषि क्षेत्रमा विशेष ध्यान दिँदै आएको छ।

कृषकहरू मेहनती र सम्भावनाबारे जानकार छन्। उनीहरूको सीप र अनुभवलाई नयाँ प्रविधि, तालिम, अनुदान र यन्त्र उपकरणको साथमा जोडेर गाउँपालिकाले कृषि उत्पादन र आय वृद्धिको दिशामा महत्वपूर्ण पाइला चालिरहेको छ। खासगरी कफी जस्तो नगदे बालीलाई प्राथमिकता दिई यसको नर्सरी स्थापन, बिरुवा वितरण, तालिम, तथा उपकरण सहयोगजस्ता कार्यक्रमहरू मार्फत कृषि व्यवसायलाई थप व्यवस्थित र दिगो बनाउने प्रयास गरिएको छ। महाभारत अब केवल परम्परागत कृषि गर्ने ठाउँ मात्र रहेन, यो अब आधुनिक सोच, सीप र प्रविधिसँग जोडिएको कृषि सम्भावनाको केन्द्र बन्दै गएको छ। साथै यस पालिकाले एक वडा एक कृषि उत्पादन जसले रोप्छ कफीकको बोट उसले पाउँछ रु बीस को  नोट, जस्को उत्पादन उस्कै उनुदान जस्ता महत्पूण कार्यक्रमहरुलाई  रास्ट्रिय कृषि नीति दिर्घकालिन सोस तथा राष्ट्रिय योजनासँग समेत मेल खाने गरि प्रदेश र संघ सरकारसंघ समन्वय गर्दै महाभारत गाउँपालिकाले कफी खेतीलाई आफ्नो प्रमुख कृषि अभियान बनाएको छ। यस अन्तर्गत पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा मात्रै १ लाख २५ हजारभन्दा बढी कफी बिरुवा वितरण,प्लास्टिक मल्चिङ सहित बगैँचा स्थापन,कफी नर्सरी स्थापना,पल्पर मेसिन, मिनी टिलर, ड्रम, थोप सिचाइ जस्ता प्रविधिको प्रयोग,कृषक प्रशिक्षण, भ्रमण र परामर्श सेवा लगायतका कार्यक्रमहरू सञ्चालन गरेको छ। यस्ता योजनाहरूले स्थानीय उत्पादन र रोजगारी बढाउनुका साथै राष्ट्रिय कफी निर्यात अभियानमा समेत टेवा पुर्‍याउने सम्भावना बोकेको देखिन्छ। यसै सन्दर्भमा, महाभारत गाउँपालिका केवल आफ्नो सीमामा सीमित नभई राष्ट्रिय कृषि समृद्धिको यात्रामा सक्रिय साझेदारको भूमिका निर्वाह गरिरहेको छ। कफी खेतीको प्रवर्द्धनमार्फत स्थानिय कृषकको जीवनस्तर माथि उठाउने, युवा वर्गलाई कृषि उद्यमितातर्फ आकर्षित गर्ने, र दीर्घकालीन आम्दानीको स्रोत निर्माण गर्ने प्रयास यस पालिकाको प्रमुख उद्देश्य हो।

ख. पशुपंक्षी

- पशुपंक्षी उपचार सेवा सञ्चालन कार्यक्रमको लागि पालिकाबाट रु.६ लाख बजेट विनयोजन गरेको मध्येबाट शतप्रतिशत रकमबाट औषधि खरिद गरि कृषकहरुलाई बाँडिएको थियो। जसमध्ये ३२३ जना सेवाग्राहीले सेवा लिएको र पशु संख्या तपसिल अनुसार छन् :
- बाख्रा संख्या-३१२५ वटा    गाई संख्या- ४३० वटा    भैंसी संख्या-५३९ वटा

  वँगुर संख्या-२७० वटा    कुखुरा संख्या-१८४० वटा।
- कृषकस्तरिय प्राविधिक पुस्तिका प्रकाशन तथा वितरण कार्यक्रम रु.१ लाख बजेट विनियोजन गरिएको र शतप्रतिशत रकमबाट १००० वटा पुस्तिका प्रकाशन गरिएको थियो।
- समुदायमा भएको सामुदायिक कुकुरहरुलाई बन्ध्याकरण कार्यक्रम संचालन गरिएको थियो। जसमा रु. ३ लाख बजेट विनियोजन गरिएकोमा शतप्रतिशत बजेट बराबर १०० वटा कुकुरहरुलाई बन्ध्याकरण गर्ने लक्ष्य राखिएकोमा शतप्रतिशत नै कार्य गरिएको थियो।
- यस कार्यालयअन्तर्गत रहेको पशुपंक्षी विकास इकाईबाट दुग्धपदार्थ उत्पादन तथा विविधिकरण तालिम कार्यक्रम भएको थियो। जसमा विभिन्न ठाउँको ३३ जना कृषकहरुको प्रत्यक्ष रुपमा उपस्थिति भएको थियो।
- पिपिआर खोप प्रदेश सरकारअन्तर्गत रहेको पशु सेवा कार्यालयबाट १० हजार डोज उपलब्ध भएकोमा ९ हजार ८ सय ५० डोज बाख्राहरुलाई लगाएको र लम्पि स्कीन डिजिज खोप २ हजार डोज उपलब्ध भएकोमा १ हजार ९ सय ८० डोज पशु चौपायाहरुलाई लगाईएको थियो।
- यस कार्यालय अन्तर्गत रहेको पशुपंक्षी विकास इकाईबाटसंचालित पशुपालन व्यवस्थापन तालिम कार्यक्रम भएको थियो । जसमा विभिन्न ठाउँको ३१ जना कृषकहरुले प्रत्यक्ष रुपमा प्राविधिक ज्ञान प्राप्त गरेका थिए ।

**ग. लघुउद्यम**

चालु आर्थिक बर्षमा सञ्चालित मेड्पा कार्यक्रकमहरु

| क्र स | कार्यक्रम को नाम | वडा न.४ | वडा न.५ | वडा न.६ | कैफियत |
|---|---|---|---|---|---|
| १ | अभिमुखीकरण कार्यक्रम वडा न -४ | ५० जना | ६५ जना | ४५ जना | |
| २ | उद्यमशिलता विकास तालिम वडा-४ | ४० जना | ४५ जना | ३५ | |
| ३ | घरधुरी सर्वेक्षण फारम फारम ए | ४२ जना | ४५ जना | ३५ जना | |
| ४ | उद्यमशिलता पहिचान फारम बि | ४२ जना | ४५ जना | ३५ जना | |
| ५ | समूह गठन | ४ वटा | ४ वटा | ३ वटा | |
| ६ | उद्यमशिलता विकास तालिम | | | ३२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | कागती खेति सम्बन्धि सिप तालिम वडा न .४ | १६ जना | | | |
| ८ | कागती खेति सम्बन्धि सिप तालिम वडा न .४ | २२ जना | | | |
| ९ | झोल तथा डल्लो साबन बनाउने सिप विकास तालिम वडा न.५ | | १७ जना | | |
| १० | मौसमी तथा बेमौसमी तरकारी खेति सम्बन्धि सिप विकास तालिम वडा न.५ | | १२ जना | | |
| ११ | अगरबत्ती बनाउने सम्बन्धि सिप विकास तालिम वडा न.५ | | १६ जना | | |
| १२ | स्तरोन्नति तर्फ बेमौसमी तरकारीखेती सम्बन्धि सिप तालिम वडा न. ५ | | २२ जना | | |
| १३ | दुनोट बनाउने सम्बन्धि सिप विकास तालिम वडा .६ | | | १८ जना | |
| १४ | मौसमी तथा बेमौसमी तरकारी खेति सम्बन्धि सिप विकास तालिम वडा न.६ | | | १४ जना | |
| १५ | पशु पालन सम्बन्धि सिप विकास तालिम वडा न.४ | २५ जना | | | |
| १६ | कफि खेति सम्बन्धी सीप विकास तालिम | | | २५ जना | |
| | जम्मा | ६३ | ६७ | ५७ | |

### २. सामाजिक विकास

### क. शिक्षा

- गाउँपालिकास्तरीय परीक्षा (कक्षा ८) संचालनका लागि प्रश्नपत्र निर्माण कार्यशाला (सहभागी १७ जना)
- गाउँपालिका स्तरीय प्र अ बैठक संचालन (४ वटा)
- शिक्षक पदपुर्ति (१५ जना)
- गाउँपालिकास्तरीय आधारभूत तह (कक्षा ८) को परीक्षा संचालन तथा व्यवस्थापन (४०० जना विद्यार्थी सहभागी)
- गाउँशिक्षा समितिको बैठक आयोजना (८ वटा)
- स्थायी नियुक्ति लिई आएका १९ जना शिक्षकहरुलाई यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा पदस्थापन
- विद्यालयको व्यवस्थापन समितिको लागि सदस्य मनोनित (४२ वटा विद्यालयको)
- वडा शिक्षा समितिको सदस्य मनोनित गरिएको (८ वटै वडा)
- ०८२ सालको वार्षिक क्यालेन्डर निर्माण (१००० प्रति छापेर ४९ वटै विद्यालयमा वितरण)
- अनिवार्य तथा निशुल्क शिक्षा घोषणा कार्यक्रमका लागी सर्वेक्षण फारम संकलन तथा सो कार्यमा आवश्यक सहजीकरण

- विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन (६६ जना)
- विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुको संचित विरामी विदा प्रमाणित (५२ जना)
- स्थानीय शिक्षा योजना मस्यौदा निर्माण कार्यदललाई जिम्मेवारी बाँडफाँड
- शिक्षकलाई सरुवा सहमति प्रदान (२०)
- विद्यालयको नियमित अनुगमन तथा सुपरीवेक्षण (प्रत्येक महिना

**ख. <u>आधारभुत स्वास्थ्य तथा सरसफाई</u>**

- नियमित रुपमा स्वास्थ्य संस्था प्रमुखज्युहरुको उपस्थितिमा मासिक समिक्षा तथा डाटा भेरिफिकेशन कार्यक्रम प्रत्येक महिनामा १ पटक बसियो।
- स्तनपान सप्ताहमा ८ वटै वडाहरु अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा स्तनपान गराईरहेका आमाहरुलाई स्वास्य शिक्षा दिएर जनचेतना जगाउने कार्यक्रम सचालन गरियो।
- क्षयरोग कार्यक्रमको आ.व. २०८१/०८२ मा सम्पादित बार्षिक प्रगती समिक्षा गोष्ठी कार्यक्रम १ पटक संचालन गरियो।
- आ.व. २०८१/०८२ मा महाभारत गाउँपालिका स्वास्थ्य शाखा सहित अन्तर्गतका स्वास्थ्य संस्थाहरु बाट प्रदान गरिएको सेवाहरु तथा कार्यक्रमहरुको बार्षिक प्रगति विवरण समिक्षा गोष्ठी कार्यक्रम १ पटक सचालन गरियो।
- महाभारत गाउँपालिकालाई जिल्ला खोप समन्वय समिति द्धारा पालिका पुर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कायम भएकोमा प्रमाणपत्र हस्तान्तरण सहित दिगोपना घोषणा कार्यक्रम।
- बागमती प्रदेश बरिष्ठ प्रशासकज्युको नेतृत्वमा WHO प्रतिनिधि, महामारी रोग नियन्त्रण महाशाखा टेकुको प्रतिनिधि, जनस्वास्थ्य कार्यालय धुलिखेलको प्रतिनिधि र धुलिखेल अस्पतालको प्रतिनिधि सहित घर्तिछाप स्वास्थ्य चौकीमा संस्थाबाट प्रवाह हुने सेवाहरु, मुख्यमन्त्री जनतास्वास्थ् कार्यक्रम, नसर्ने रोग, न्युनत्तम सेवा मापदण्ड, ल्याव सेवा, आधारभुत स्वास्थ्य सेवा, BKHCCI कार्यक्रम लगायत मानसिक स्वास्थ्य सेवाहरुको एकीकृत अनुगमन तथा स्थलगत अनुशिक्षण कार्यक्रम संचालन गरियो।
- ५ वर्ष मुनिका बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधि वितरण कार्यक्रममा ६ महिना देखी ११ महिना सम्मका बालबलिकाहरुलाई भिटामा ए मात्र १११ जना र १२ देखी ५९ महिना सम्मका बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधि ९०८ जना लाई वितरण गरियो।
- मोतियाविन्दुको नि:शुल्क अप्रेशन सहित आँखा चेकजाँच शिविर महाभारत गाउँपालिका वडा नं. १,२,३,५,६ र ८ मा संचालनमा १हजार २ सय ६८ जनालाई जाँच गरिएकोमा १ सय २६ जनामा मोतिविन्दुको अप्रेशन गर्नुपर्ने देखिएको र १ सय जनाको घर्तिछाप स्वास्थ्य चौकीमा नि:शुल्क अप्रेशन भएको साथै एकीकृत जनस्वास्थ्य अभियान तथा पोषण प्रवर्धन कार्यक्रम जनस्वास्थ्य कार्यालय धुलिखेलको आयेजनामा महाभारत गाउँपालिकाको सहयोगमा बागमती प्रदेह स्वास्थ्य मन्त्री मा. किरण थापा मगरज्युको उपस्थितिमा महाभारत

गाउँपालिका वडा नं. १ र ६ मा संचालन भएकोमा ११ वटा विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा प्रवाहमा १ हजार ६ सय ५१ जना सेवाग्राहीहरुले सेवा पाएका छन ।

- राष्ट्रिय रुपमा संचालन हुने एच.पि.भि. खोप खभियान संचालनको लागी पालिका स्तरिय पालिका खोप समन्वय समितिका पदाधिकारीहरु, सरोकारवालहरु, कर्मचारीहरु, स्वास्थ्यकर्मीहरु र वडा स्तरिय वडा खोप समन्वय समितिका पदाधिकारीहरु, सरोकारवालाहरु, विधालय शिक्षक/शिक्षिकाहरु, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरु र अन्य खोप कार्यमा खटिने स्वयं सेविकाहरुको लागी एच.पि.भि खोप अभियान २०८१ सम्बन्धी अभिमुखीकरण संचालन गरियो । जस्मा पालिका र वडा स्तरमा गरि लगभग २७५ जना सहभागी भएको थियो ।
- यस महाभारत गाउँपालिकाका सम्पुर्ण विधालयमा कक्षा ६ देखी कक्षा १० सम्मका र विधालयका बाहिरको १० वर्ष देखी १४ वर्ष उमेर समुहका  किशोरीहरुलाई पाठेघर मुखको क्यान्सर विरुद्धको एच.पि.भि खोप अभियान सेवा २०८१ माघ २२ गते देखी २४ गते सम्म संचालन गरियो। जस्मा ७३० जनाले सेवा लिएका थियो साथै खोप लगाउन छुटेका किशोरीहरुलाई फाल्गुन २ गते देखी ५ गते सम्म लगाउन व्यवस्था गरियो ।
- स्वास्थ्य चौकीहरुको न्युनतम सेवा मापदण्ड कार्यक्रमको यस आ.व को पहिलो फलोअप स्वास्थ्य चौकी व्यवस्थापन समितिका पदाधिकारीहरु र कर्मचारीहरु संग बसि समिक्षा बैठक सम्पन्न गरियो । जस्मा गोकुले स्वास्थ्य चौकीको स्कोर ८३ % , फोक्सिङटार स्वास्थ्य चौकीको स्कोर ८६% , बुढाखानी स्वास्थ्य चौकीको स्कोर ६७% , बनखुचौर स्वास्थ्य चौकीको स्कोर ७९% र घर्तिछाप स्वास्थ्य चौकीको स्कोर ८४% रहेको थियो ।
- महाभारत गाउँपालिका अध्यक्षज्युको उपस्थितिमा महाभारत गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिएको मातृ तथा नवजात शिशु स्वास्थ्य कार्यक्रम तथा पि.एन.सि.होम भिजिट कार्यक्रमको बार्षिक प्रगती प्रतीवेदन समिक्षा तथा कार्ययेजना तयारी गोष्ठी बर्थिङ सेन्टरबाट वडा अध्यक्ष,संस्था प्रमुख र नर्सिङ कर्मचारी र अन्य संस्थाबाट नर्सिङ कर्मचारीहरुको सहभागीतामा संचालन गरियो ।
- महाभारत गाउँपालिका अध्यक्षज्युको उपस्थितिमा र जिल्ला जनस्वास्थ्य कार्यालयको खोप अधिकृतज्युको उपस्थितिमा नियमित खोप सुदृढिकरण तथा सुक्ष्म योजना अध्यावधिक साथै सरसफाई कार्यक्रम सम्बन्धी १ दने बार्षिक समिक्षा गोष्ठी सम्पुर्ण वडाअध्यक्ष, स्वास्थ्य सस्था प्रमुख, खोप फोकल पर्सनको सहभागीतामा सचालन गरियो ।
- महाभारत गाउँपालिका अध्यक्षज्युको उपस्थितिमा सम्पुर्ण स्वास्थ्य सस्थाहरुको क्षयरोग फोकल पर्सनहरुको सहभागीतामा क्षयरोग कार्यक्रमको बार्षिक प्रगती बारे समिक्षा तथा क्षयरोग बिरामीहरुको विश्लेषण कार्यक्रम सचालन गरियो ।
- महाभारत गाउँपालिकाको आयेजनामा महाभारत गाउँपालिका वडा नं. २,३,४,५,६,७,र ८ मा महाभारत बन्दै छ, बा आमालाई सन्चै छ ? भन्ने नाराका साथ समुदाय स्तरमा स्वास्थ्यकर्मीहरुको सहभागीमा नसर्ने रोग ( रक्तचाप, मधुमेह, मृगौलाको समस्या, उचाइ अनुसार तौल BMI चेकजाँच, ) पहिचान अभियानको लागी

चेकजाँच साथै असल खानपान सम्बन्धी व्यवहारमा परिवर्तन गराउन स्वास्थ्य शिक्षा सहितको शिविर संचालन गरिएको थियो। जस्मा १९०७ जना सेवाग्राहीहरुले सेवा लिएको थियो।

- महाभारत गाउँपालिका अन्तर्गतका क्षयरोग बिरामी संख्या अधिक भएको ५ वटा स्वास्थ्य संस्थाहरुमा क्षयरोग नियन्त्रण तथा रोकथामको लागी समुदायमा जनचेतनामुलक कार्यक्रम संचालन गरिएको थियो।
- वडा स्तरिय पुर्ण खोप घोषणाको लागी पेश हुन आएको कागजातहरु विश्लेषण गरि सम्पुर्ण वडाहरुमा १६ देखी २३ सम्मका बालबालिकाहरुले राष्ट्रिय तालिका अनुसार खो खोपाएको वा कुनै छुट बालबालिका छ की भनि भेरिफिकेशन गर्ने कार्य गरियो।
- जनस्वास्थ्य कार्यालयको खोप अधिकृतको सहभागीतामा महाभारत गाउँपालिका अन्तर्गतका १२ वटै स्वास्थ्य संस्थाहरुको प्रमुख र सम्पुर्ण खोप कार्यकर्ताहरुको उपस्थितिमा आ.व. २०८०।०८१ मा सम्पादित नियमित खोप कार्यक्रम तथा सरसफाई प्रवर्धन कार्यक्रमको २ दिने समिक्षा गोष्ठी संचालन गरियो।
- वडा स्तरिय पुर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा ८ वटै वडामा गाउँपालिका खोप समन्वय समिति सदस्य सचिव एवं स्वास्थ्य शाखा प्रमुखको सहभागीतामा सम्पन्न गरियो।
- क्षयरोग उच्च जोखिम रहेको समुदयमा लुकेर रहेको क्षयरोग बिरामी पहिचानको लागी डाक्टर सहितको एक्सरे मसिन द्धारा २ वटा वडामा परिक्षण सहित जनचेतनामुलम कार्यक्रम संचालन गरि २२४ जना सेवाग्राहीहरुलाई सेवा प्रदान गरिएको थियो र १८ जना क्षयरोग सम्भावित मानिसहरुको खकार संकलन गरि परिक्षण गरिएकोमा ३ जना क्षयरोग पोजेटिभ भएर उपचारमा ल्याइएको थियो।
- गर्भवती महिलाहरुको ग्रामिण भिडियो एक्सरे सेवा ५ वटै बर्थिङ सेन्टरहरुमा साथै अन्य वडाहरुमा समेत गएर ३/३ महिनामा गर्भवती महिलाहरुलाई सेवा प्रदान गरियो। जस्मा ४ जना गर्भवती महिलालाई समस्या देखिएकोले माथिल्ले निकायमा प्रेषण गरि समस्या समाधानमा सहजीकरण समेत गरिएको थियो।
- आ.व. २०८१/०८२ मा सम्पादित पोषण कार्यक्रमको बार्षिक समिक्षा तथा विधालय पोषण स्वास्थ्य कार्यकर्मको समिक्षा १२ वटै स्वास्थ्य संस्थाहरुको पोषण फोकल कर्मचारीहरु र १७ वटा विधालयको प्र.अ./ स्वास्थ्य शिक्षकहरुको सहभागीतामा जनस्वास्थ्य कार्यालयको प्राविधिक सहजीकरणमा संचालन गरि समस्याहरु पहिचान तथा समाधानको लागी कार्ययोजना तयारी गोष्ठी सम्पन्न गरिएको थियो।
- महाभारत गाउँपालिकालाई १६ देखी २३ महिना सम्मका बालबालिकाहरुले राष्ट्रिय खोप तालिका अनुसार लगाउनु पर्ने सबै खोप लगाएको भनि जिल्ला खोप समन्वय समिति बाट भरिफिकेशन भएर एकिन पश्चात जिल्ला खोप समन्वय समिति सदस्य एवं जनस्वास्थ्य अधिकृतबाट महाभारत गाउँपालिका खोप समन्वय समिति संयोजक एवं गाउँपालिका अध्यक्ष लगायत सम्पुर्ण परिवारलाई प्रमाण पत्र हस्तान्तरण गरि पालिका स्तरिय पुर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको थियो।
- महाभारत गाउँपालिकाका सम्पुर्ण वडाहरुमा सुनौलो हजार दिनका २६० जना आमाहरुलाई पोषण बिशेष अभिमुखिकरण कार्यक्रम संचालन गरि पोषण प्रवर्धनमा जोड दिएको थियो।

- स्वास्थ्य संस्थाहरुबाट दिइने सेवाहरुको गुणस्तरमा सुधार गर्न संघ र प्रदेश सरकार संग समन्वयमा स्वास्थ्यकर्मीहरुलाई आवश्यकता अनुसार तालिमहरुको व्यवस्थापन गरिएको थियो ।
- नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट निर्देशन भए अनुसार ९८ प्रकारका औषधिहरु नि:शुल्क वितरणमा महाभारत गाउँपालिकाले ५९ प्रतिशत आर्थिक लगानीको सहयोग गरि उपचारात्मक सेवामा प्राथमिकता दिएको थियो ।
- स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँचमा पुर्याउनको लागी स्वास्थ्य चौकी बाट टाढा रहेको बस्तीहरुमा ६ वटा आधारभुत स्वास्थ्य केन्द्र व्यवस्थापन गरि संचालनमा रहेको छ र १५ वटा गाउँघरक्लिनिक सेवा समेत संचालमा रहेको छ ।
- प्रत्येक स्वास्थ्य संस्थाहरुबाट दिएको सेवाहरु अनलाइन DHIS2 मा प्रत्येक महिना अपडेट गरि दिएको सेवाहरु चुस्त दुरुस्त सुरक्षित राख्न साथै औषधि तथा उपकरणहरुको मासिक माग,दाखिला र खर्च निकासा अनलाइन ELMIS मा अपडेट गरि पार्दशिता तथा जवाफदेहिता योग्य बनाउन र अन्य अनलाइन प्रतीवेदनहरु समयमा नै सम्पन्न गराउनको लागी साथै प्रविधिमैत्री स्वास्थ्य संस्थालाई जोड दिई ल्यापटप,प्रिन्टर,इन्टरनेट साथै अन्य आवश्यक सामाग्रीहरु व्यवस्थापन गराइएको थियो ।
- नेपाल सरकारले तोकिए बमोजिमको विपन्न नागरिक सेवामा क्यान्सर रोग सम्बन्धी ६ जना, मुटु सम्बन्धी रोग ५ जना, मृगौला सम्बन्धी रोग ५ जना, टाउकोमा गहिरो चोट भएको सम्बन्धी ४ जना र ढाड भाचिएर स्पाइनल समस्या १ जना गरि जम्मा २१ जनाको महाभारत गाउँपालिका विपन्न नागरिक सिफारिस ससमिति बाट सिफारिस भएर उपचार लिएको थियो ।
- नेपाल सरकार स्वास्थ्य मन्त्रालय बाट मृगौला समस्या तथा क्यान्सर रोगी बिरामीहरुलाई मासिक औषधि उपचार बापतको खर्च रकम १४ जना क्यान्सर रोग र १० जना मृगौला रोग भएका जम्मा २४ जना बिरामीहरुलाई प्रदान गरिएको थियो ।

## ३. पुर्वाधार विकास

### क. <u>यातायात</u>

- गाउँपालिका केन्द्र र जिल्ल्ला सदरमुकाम जोड्ने छोटो दुरीको तीनखुट्टे सर्दुङ बुढाखानी सडक खण्डमा संघीय सरकार प्रदेश सरकार तथा गाउँपालिकाको साझेदारीमा स्तरोन्नति गर्ने कार्य सम्पन्न गरिएको छ । जसमा २ कि.मि. ढलान बाटो, ३ कि.मि. ग्राभेल तथा नाली र २ वटा कल्भर्ट निर्माण कार्य सम्पन्न भएको छ । यसबाट अत्यन्त असहज र जोखिम रहेको महादेवटार सर्दुङ सडक खण्डमा यातायात सञ्चालन सहज हुने अपेक्षा गरिएको छ ।
- गाउँपालिकाको केन्द्र देखी वडाको केन्द्रसम्म जोड्ने सडकहरुको स्तरोन्नती कार्यलाई प्राथमिकतामा राखी निर्माण कार्य भइरहेको छ । आहाले बासपुर सिङ्गरा भन्ज्याङ बनखु सडक खण्डमा १.२ किमि ग्राभेल तथा नालि निर्माण कार्य सम्पन्न गरिएको छ । त्यसै गरी मेलुङ ठाडे फोक्सिङ्टार सडक खण्ड स्तरोन्नति गर्ने कार्य

सम्पन्न गरिएको छ । जस अन्तर्गत १ वटा कल्भर्ट, ८०० मिटर नाली, तथा २०० मि. सडक सोलिङ कार्य सम्पन्न भएको छ ।

- गाउँपालिकाभित्र चालु आ.व. मा १० कि.मि. नयाँ सडक निर्माण सम्पन्न भएको छ भने १६९ कि.मि. निर्माण भएका सडकहरु सुचारु रहने गरी मर्मत गरिएको छ ।
- झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत नमटार देउराली झोलुङ्गे पुल (८४ मि. स्पान) र फोक्सिङ्टार ख्यापुवा जोड्ने बनखु खोला झोलुङ्गे पुल (११३ मि. स्पान) निर्माण कार्य सम्पन्न भएको छ ।
- वि.पि. राजमार्गबाट यस गाउँपालिका हुँदै मदन भण्डारी राजमार्ग जोड्ने गरी जनमुक्ति मार्ग निर्माणको लागि प्रदेश सरकार र संघीय सरकारसँग बिशेष पहल र समन्वय गरिएको छ । यसबाट डोटे घर्तिछाप सडक खण्डमा करिब ४ कि.मि. सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ भने बाँकि खण्ड निर्माणधीन अवस्थामा रहेको छ ।
- गाउँपालिकाभित्रका सम्पुर्ण सडकहरुको मापदण्ड कायम हुने गरी सोही अनुरुप गाउँपालिकाको यातायात गुरुयोजना (RMTMP) लाई अद्यावधिक गरिएको छ ।

**ख. भवन तथा आवास**

- गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ भने चालु आ.व.मा नै सम्पन्न गरी आगामी आ.व.मा नयाँ भवनबाट सेवाप्रवाह हुने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको भू - उपयोगक्षेत्र निर्धारण गर्ने नीतिअनुरुप गाउँपालिकाभित्र रहेका जग्गा बर्गिकरणको कार्य अगाडि बढाइएको छ ।

**ग. खानेपानी तथा सरसफाई**

- एक घर एक धाराको नीति अवलम्वन गरिएअनुसार संघीय बिशेष अनुदानबाट सञ्चालित काभ्राखोल्सी हलिदे खानेपानी आयोजना सम्पन्न भएको छ, जसबाट ३५० बढी घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित भएका छन ।
- प्रदेश बिशेष अनुदान अन्तर्गत आहाले बासपुर उतिघारी खानेपानी आयोजना चालु आव मा नै सम्पन्न हुने गरी निर्माण भइरहेको छ । यस आयोजनाबाट १०३ घरधुरीमा खानेपानिको उपलब्धता सुनिश्चित भएको छ ।
- अन्य बिभिन्न आयोजनाहरुबाट चालु आ.व. मा जम्मा ५०० घरमा धारा निर्माण कार्य सम्पन्न भएको छ ।

**घ. जलस्रोत तथा सिँचाई**

- प्रदेश सशर्त अनुदान अन्तर्गत महादेवटार सिँचाई योजना सम्पन्न गरिएको छ । जस अन्तर्गत १.१४ कि.मि. सिँचाई कुलो निर्माण सम्पन्न भएको छ ।
- अन्य बिभिन्न सिँचाई आयोजनाहरु गरी ५.२ कि.मि. पाइप सिँचाई निर्माण सम्पन्न गरिएको छ ।

**४. बन, वातावरण तथा विपद् व्यवस्थापन**

- विपद व्यवस्थापन समितिको हालसम्म ८ वटा बैठक बसेर निर्णयहरु गरिएको ।

- सार्वजनिक सुचना मार्फत विपदको पुर्वसचेतना गरिएको ।
- अविरल बर्षातका कारण अबरुद्द सबै सर्वजनिक सेवाहरु सुचारु गरिएको ।
- पालिकामा रहेको खुल्ला क्षेत्रको संख्या निर्धारण गरिएको ।
- पालिकाको जोखिमयुक्त स्थानहरुको निर्धारण गरिएको ।
- स्थानीय विपद व्यवस्थापन ईकाइमा/स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र (LEOC) विपदको लागि आवश्यक सामग्रीको भन्डारण गरिएको ।
- आस्थायी आवास निर्माणको लागि NDRRMA को विपद पोर्टलमा सबै घरहरुको तथ्याङ्क प्रविष्ट गरेको ।
- क्षतिग्रस्त खानेपानिको पुर्ननिर्माणको ३ नं. डिभिजन कार्यलय सिन्धुपाल्चोकलाई खानेपानिको पाईपको लागि अनुरोध गरेर खानेपानिको पाईपहरु ल्याउने कार्यहरु जारी रहेको ।
- जिल्लामा रहेको पालिकाको विपद समन्वय बैठकहरु सम्पन्न भएको ।
- विपद व्यवस्थापन तथा जोखिम न्युनिकरणका लागि विपदको सामग्री पालिका स्थित बिभिन्न प्रहरि युनिटहरुलाई वितरण गरिएको ।

## ५. सुशासन, सार्वजनिक सेवा तथा क्षमता अभिवृद्धि

**प्रशासन**

आ.व.२०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन मार्फत यस प्रशासन शाखाबाट भए गरेका काम कारवाही हरुको समष्टिगत विवरण प्रस्तुत गर्ने ध्यायका साथ यो विवरण तयार पारेको छ। यस प्रतिवेदनमा समावेश भएका विषयहरुमाथि सिंहालोकन गर्दा कार्यसम्पादनको क्रममा आएका विविध पक्षहरुलाई आत्मासात गर्दै आगामी दिनहरुमा परिष्कृत गर्दै लैजानको लागि अन्य शाखासंग समन्वय तथा सहकार्य गर्नुपर्ने देखिन्छ ।

**कार्य प्रगति विषय क्षेत्रहरु**

१. दर्ता ५२१ र चलानी २३१२ अभिलेख रहेको साथै चुस्त दुरुस्त र सुरक्षित रहेको ।
२. नविकरण सम्बन्धि ४ वटा संस्थाको सिफारिस भएको ।
३. सूचना अभिलेख विवरण सुरक्षित रहेको साथै माग भई आएका ३ वटा सूचनाको विवरण उपलब्ध गराएको ।
४. यस कार्यालयमा रिक्त रहेका सूचना प्रविधि अधिकृत, सहायक कम्प्यटर अपरेटर साथै अ.न.मी गरि ५ जना नियुक्ति गरि यस कार्यालय अन्तर्गतका कार्यालयहरुमा कार्यरत करार कर्मचारीहरुको म्याद थपका लागि प्रस्ताव पेश गरि नविकरण गरेको ।
५. खानेपानी अन्य उपभोक्ता समिति प्रचलित ऐन नियम बमोजिम ३ वटा दर्ता गरिएको ।
६. विभिन्न कार्यालयहरुबाट माग भई आएका विविध विवरण तथा सिफारिसपत्रहरु पठाईएको ।
७. कर्मचारीहरुको नियमित समिक्षा बैठक ११ वटा र त्रैमासिक/अर्धवार्षिक/वार्षिक समिक्षा साथै अन्य प्रशासनिक कार्यक्रमहरु गरी ५वटा सम्पन्न गरिएको ।
८. सुची दर्ता विवरण ८२ वटा संस्थाको दर्ता अभिलेख रहेको ।
९. जनप्रतिनिध तथा कर्मचारीहरुको लागि क्षमता विकास तालिम सम्पन्न गरिएको ।
१०. प्रशासनिक कामकार्वाहीहरु नियमित रुपमा सञ्चालन रहेको ।

**गैर बजेटरी कार्य तथा क्रियाकलापहरुः**

१. कर्मचारी मासिक त्रैमासिक अर्धवार्षिक तथा वार्षिक प्रगति समिक्षा बैठक २१ वडा नियमित रुपमा सम्पन्न ।
२. आ व ०८०/८१ को २१ जना कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन फाराम मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पेश। प्रदेश लोकसेवा आयोगमा अभिलेखिकरण गरेको ।
३. कर्मचारी जनप्रतिनिधि तथा शिक्षकहरुको ४०० जनाको सम्पत्ति विवरण प्रणालीमा प्रविष्टि गरी प्रदेश लोकसेवा आयोगमा पेश ।
४. स्वीकृत दरबन्दी अनुरुप करार कर्मचारीहरु ७ जनाको नियुक्ति तथा नियुक्ति सम्बन्धी कागजातहरुको अभिलेखिकरण गरेको ।
५. शाखा प्रमुख कर्मचारीहरुको कार्यसम्पादन करार सम्झौता तथा कार्य विवरण उपलब्ध गरेको
६. दर्ता चलानी सम्बन्धित नियमित कार्य ।
७. अभिलेख व्यवस्थापनः (का. स. मु. करार सम्झौता, कर्मचारी व्यक्तिगत विवरण, भ्रमण आदेश, कर्मचारी विदा, कर्मचारी तह वृद्धि सरुवा रमाना, मासिक प्रगति समिक्षा, उ.स. दर्ता)
८. सूची दर्ता सम्बन्धी नियमित कार्य
९. जनप्रतिनिधि कर्मचारी तथा शिक्षकहरुको अद्यावधिक विवरण तयार साथै कर्मचारीको परिचयपत्र तयारी तथा वितरण
१०. वडागत तथा शाखागत प्रगति विवरण संकलन तथा अभिलेखीकरण
११. सूचना सम्बन्धित कार्यहरु ४ वटा माग भएकोमा ४ वटै सूचना समयमा दिएको।कार्यालयबाट २० वटा सूचना वटा सूचना प्रकाशन गरिएको
१२. कर्मचारीहरुको हाजिरी व्यवस्थापन
१३. पालिका तथा वडाहरुको नागरिक वडापत्र तयारी गरी छपाई र वितरण
१४. उपभोक्ता समित दर्ता ३ वटा

**न्यायिक समिति**

- यस महाभारत गाउँपालिकाको न्यायिक समितिले मेलमिलापकर्ताहरुलाई ३ दिने क्षमता अभिवृद्धि तालिम दिने काम गरियो ।
- यस आ.व को जेष्ठ महिना सम्म ३ वटा विवाद दर्ता भएको र ३ वटै विवाद फछ्यौट भएको छ । न्यायिक समितिले यो आ.व मा १३ वटा बैठक बसियो ।
- मेलमिलाप कर्ताहरुको अवस्था बारे जानकारीका लागी संयोजकहरुलाई न्यायिक समितिले बोलाई हाल सम्म कुनै विवाद नआएको जानकारी प्राप्त गरियो ।
- प्रत्येक चौमासिक विवरणहरु आन्तरीक मामिला तथा कानुन मन्त्रालयमा पठाउने कार्य गरिएको छ ।

**आन्तरिक लेखा परीक्षण**

- आन्तरिक नियन्त्रण प्रणालि सुधारतर्फ प्रगति

- योजना तथा परियोजना ब्यवस्थापनमा प्रगति
- राजस्व सन्कलन मा प्रगति,वडा कार्यालय अनुगमन
- अगिल्लो आ.व.मा जिरो बेरुजु कायम हुन सफल पालिका जसले बित्तिय शुशासन कायम भएको देखाउँछ।
- प्रशासनिक प्रगति –हाजिरी ब्यवस्थापन र क्रमचारी प्रशिक्षण
- आर्थिक प्रगति – प्रस्तावित आय ५७३९१३६१७, वास्तविक आय ६१६५३८००३
- आम्दानि – १०७.४२ प्रतिशत
- खर्च – ५४.६९ प्रतिशत
- चालु खर्च – ६०.२७ प्रतिशत
- पुजिगत खर्च – ४६.५४ प्रतिशत

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

- ☐ हालसम्म वडा कार्यलयहरुमा १११६ वटा घटना दर्ता।
- ☐ पहिलो, दोस्रो र तेस्रो त्रैमासिकमा जम्मा १४२७ जना लाभग्राहीको ४ करोड ४३ लाख ९४ हजार ५ सय ७० रुपैया भत्ता भुक्तानी।
- ☐ १३५७ जना लाभग्राहीको नवीकरण
- ☐ १२२ जना सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नयाँ लाभग्राही थप
- ☐ ४६ जना भत्ता लाभग्राहीको लगत कट्टा।
- ☐ १८ ओटा बायोमेट्रिक भेरिफिकेसन खरिद वडाकार्यालयहरुलाई (प्रति वडा २/२ ओटा) १६ ओटा डिभाइस वितरण
- ☐ वडा सचिव र कम्प्युटर अपरेटरहरु तथा वडा अध्यक्ष सहितको सहभागितामा २ दिने सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी क्षमता विकास तालिम सञ्चालन

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

- रोजगारी सिर्जना अन्तर्गत नेपाल सरकार र आई.डि.ए. मार्फत ३४ वटा आयोजना सञ्चालित भएकोमा ३२ वटा सम्पन्न भएको र सुचिकृत बेरोजगार व्यक्ति ९६२ जनामा रोजगारीमा संलग्न ११६ जना भएको।
- **रोजगारीमा खटिनपुर्व अभिमुखिकरण कार्यक्रमः** सुचिकृत बेरोजगार लक्षित अभिमुखिकरण कार्यक्रम महाभारत गाउँपालिकाभरिका ४०० व्यक्तिहरुको सहभागीतामा कार्यक्रम सम्पन्न गरीएको।
- **कार्यस्थल सुरक्षा सामाग्री वितरणः** रोगजगारीमा संलग्न व्यक्तिहरुका लागि कार्यस्थल सुरक्षाका लागि आवश्याक सामाग्रीहरु गम बुट, सेफ्टी ज्याकेट, हेल्मेट र पन्जा ११३ जनालाई ११३ सेट वितरण गरीएको।
- **श्रमको सम्मान राष्ट्रको अभियानः** महाभारत गाँउपालिकाको प्रत्येक वडामा वडाको जनप्रतिनिधि र सम्पुर्ण वडावासीहरु गरी ४०० जनाको विशेष सहभागितामा कार्यक्रम सम्पन्न।

- आ.व. २०८१/०८२ मा वडागत सञ्चालित र सम्पन्न आयोजनामा सलग्न सुचिकृत व्यक्तिको विवरण।

**<u>गैर बजेटरी कार्य तथा क्रियाकलापहरु:</u>**

बैदेशि रोजगार बोर्ड अन्तर्गत तालिम प्रदायक संस्थाहरुबाट महाभारत गाउँपालिकाको समन्वय र रोजगार सेवा केन्द्रको अनुगमनमा निम्न वडामा तपशिल बमोजिमका निशुल्क सिपमुलक तालिम सञ्चालन गरिएको।

| वडा | तालिमको नाम | सहभागी संख्या |
| --- | --- | --- |
| १ छोटेसहान<br>धाप | असिस्टेन्ट टायल<br>मार्बल मेसन | २० जना<br>२० जना |
| ३ देउराली | बिल्डिङ इलेक्ट्रीसियन | २० जना |
| ५ गोपे | पेन्टर | २० जना |
| ८ ठुटेआँप<br>चौरीबगर<br>घाताबेँसी | बिल्डिङ इलेक्ट्रीसियन<br>बिल्डिङ इलेक्ट्रीसियन<br>मेसन | २० जना<br>२० जना<br>२० जना |

**नविनतम/अभ्यासहरु**

- रोजगारीमा संलग्न सुचिकृत बेरोजगार व्यक्तिहरु पारिश्रमिक बापतको रकम व्यक्तिगत खातामा जम्मा गरी भुक्तानी गराईएको।
- कार्यस्थल सुरक्षा सामाग्री वितरण साथै सुचिकृत बेरोजगार व्यक्तिहरुका लागि कार्य प्रारम्भ अगाडी अभिमुखिकरण कार्यक्रम सञ्चालन।
- श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी कार्यक्रम प्रत्येक वडामा भव्य सहभागिताका साथ सम्पन्न।
- बैदेशिक रोजागारी सम्बन्धी कार्यका लागि सहजीकरणका लागि सामी लगायत बैदेशिक रोजगार बोर्डबाट सञ्चालित अन्य अभिमुखिकरण कार्यक्रममा सहभागी

## *अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी वार्षिक प्रतिवेदन*

**पृष्ठभूमिः**

नेपालको संविधानको धारा ३१ को शिक्षा सम्बन्धी हकको उपधारा (१) मा प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक तथा उपधारा (२) मा प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने व्यवस्था छ। संविधानले प्रत्याभूत गरेको उक्त मौलिक हकको कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ कार्यान्वयनमा रहेको छ।

त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐनको दफा ६ ले ४ वर्ष उमेर पुगेका र १३ वर्ष पुरा नभएका प्रत्येक बालबालिकालाइ आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने र दफा ४ ले अनिवार्य शिक्षाका लागि आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेगरी तोकिएको छ। यसका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ को दफा १९ ले वि.स. २०८५ बैशाख १ गतेपछि आधारभुत शिक्षा प्राप्त नगरेको नागरिक कुनै सरकारी सेवा वा सरकारको पूर्ण वा आंशिक स्वामित्व रहेका कुनै संस्थाको सेवामा प्रवेश गर्न वा निजी क्षेत्रमा स्थापित कुनैपनि संस्थामा कुनैपनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न, कुनै पदमा सेवा गर्न, कुनै पनि कम्पनी फर्म, सहकारी संस्था वा गैर सरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो संस्थाको संस्थापक शेयरधनी, सञ्चालक वा सदस्य वा कुनै पदाधिकारी हुन योग्य नहुने व्यवस्था गरेको छ। यो ऐन कार्यान्वयन गर्नका लागि नेपाल सरकारले ऐनको दफा ४० ले दिएको अधिकार प्रयोग गरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ जारी गरेको छ। उक्त नियमावलीको नियम ५ मा सार्वजनिक विद्यालयले विद्यार्थी वा अभिभावकबाट विद्यार्थी भर्ना शुल्क, मासिक पढ़ाई शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक बापतको रकम लिन नपाउने व्यवस्था गरिएको छ।

यो प्रतिवेदन अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ को दफा ३६ मा प्रत्येक वर्ष गाउँ वा नगर सभामा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने प्रावधान बमोजिम तयार गरिएको हो।

**विद्यालयको संख्या र अध्ययनरत बालबालिकाको संख्या**ःयस गाउँपालिकामा रहेका सामुदायिक विद्यालय र ति विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुको संख्या देहायबमोजिम रहेको छ।

| **विद्यालयको प्रकार** | **संख्या** | | **विद्यार्थी संख्या** | | |
|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | छात्र | छात्रा | जम्मा |
| **प्रा.वि. (कक्षा १-५)** | ३३ | ० | ४९८ | ५१० | १००८ |
| **आधारभुत (कक्षा १-८)** | ९ | ० | ४५४ | ५०२ | ९५६ |
| **माध्यमिक (कक्षा १-१२)** | ८ | ० | ११४४ | १२३१ | २३७५ |
| **वालकक्षा** | ३९ | ० | २२८ | २०७ | ४३५ |
| जम्मा | | | २३२४ | २४५० | ४७७४ |

**वडागत रुपमा अनिवार्य तथा निशुल्क शिक्षा लागु भएको वडा घोषणा विवरण**

| वडा नं | घरधुरी संख्या | ४ देखि १३ उमेर समुहका बालबालिका | | | घोषणा मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | | |
| १ | ४८७ | २५२ | २७० | ५२२ | २०८२।०२।०७ | शतप्रतिशत भर्ना भएको |
| २ | ४०९ | २४० | २११ | ४५१ | २०८२।०२।१३ | शतप्रतिशत भर्ना भएको |
| ३ | ४२४ | २२४ | १८८ | ४१२ | २०८२।०२।०९ | शतप्रतिशत भर्ना भएको |
| ४ | ३६८ | १४४ | १८० | ३२४ | २०८२।०२।११ | शतप्रतिशत भर्ना भएको |
| ५ | ४१६ | २५२ | २५४ | ५०६ | २०८२।०२।१२ | शतप्रतिशत भर्ना भएको |
| ६ | ४७५ | २९४ | २७६ | ५७० | २०८२।०२।०६ | शतप्रतिशत भर्ना भएको |
| ७ | ३६६ | २१७ | २५२ | ४६९ | २०८२।०२।०७ | शतप्रतिशत भर्ना भएको |
| ८ | ५३९ | २०७ | २११ | ४१८ | २०८२।०२।१३ | शतप्रतिशत भर्ना भएको |
| गाउँपालिका घोषणा | ३४८४ | १८३० | १८४२ | ३६७२ | २०८२।०२।३० | शतप्रतिशत भर्ना भएको |

**शिक्षक विवरण:**

| प्राथमिक तह | | | निम्नमाध्यमिक तह | | | माध्यमिक तह | | | साविक उच्च माध्यमिक तह (कक्षा ११-१२) | | | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वीकृत दरवन्दी | राहत अनुदान दरवन्दी | जम्मा | स्वीकृत दरवन्दी | राहत अनुदान दरवन्दी | जम्मा | स्वीकृत दरवन्दी | राहत अनुदान दरवन्दी | जम्मा | स्वीकृत दरवन्दी | राहत अनुदान दरवन्दी | जम्मा | सहायक प्रशिक्षक, प्रशिक्षक र विज्ञान शिक्षक |
| १२७ | ३१ | १५८ | ४ | २१ | २५ | ३ | ६ | ९ | ० | ३ | ३ | ८ |

**आधारभूत तहसम्म विद्यालयमा भर्ना भएका बालबालिकाको संख्या:**

| क्र सं | आधारभूत तहमा भर्ना भएका बालबालिकाको संख्या | | |
|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा |
| १ | १८३० | १८४२ | ३६७२ |

**विद्यालयमा भर्ना भई आधारभूत तहसम्मको शिक्षा पुरा गरेका बालबालिकाको संख्याः**

यस गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयमा आधारभूत तहमा भर्ना भई सतप्रतिशत विद्यार्थीहरुले आधारभूत तहसम्मको शिक्षा पुरा गरेको देखिन्छ ।

**आधारभूत तह र माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको स्रोत**

| क्र सं | बजेट स्रोत | रकम रु (हजारमा) |
|---|---|---|
| १ | नेपाल सरकार | १५१३८५ |
| २ | प्रदेश सरकार | २८१२ |
| ३ | आन्तरिक स्रोत | २०१०० |

**समस्या तथा चुनौतिहरुः**

- आवश्यक स्रोतसाधनको उचित व्यवस्था मिलाउनु
- बालबालिकाहरुलाई नियमित रुपमा विद्यालयमा झिकाउने सिकाउने टिकाउने र बिकाउने
- सम्पुर्ण सरोकारवालाहरुलाई अपनत्वको भावना जागृत गराउने

# योजना तथा सुपरीवेक्षण समितको वार्षिक  अनुगमन प्रतिवेदन

आ.व. ०८१/८२

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा स्रोत साधनको प्रवाह समुचित ढंगले कार्य तालिका अनुसार क्रियाकलापहरुको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेका व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्य नै अनुगमन  हो। विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ। विकासमा गरिएको लगानीको प्रतिफल मापन गर्ने र सेवाग्राहीको जीवनस्तरमा त्यसले पारेको असर तथा प्रभाव आंकलन गरी उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न यसको थप महत्व रहन्छ। विगतका अनुभवबाट पाठ सिक्दै भावी नीति तथा कार्यक्रमलाई तथ्यपरक र नतिजामुखी बनाउन यस्तो व्यवस्था प्रभावकारी हुनुपर्दछ। नतिजामुखी अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्ने क्रममा नेपाल सरकारले राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० जारी गरी कार्यान्वयनमा ल्याएको छ। नयाँ संविधान जारी भएपछि सङ्घ, प्रदेश तथा स्थानीय तहमा भएको पुनःसंरचना अनुरुप स्थानीय तहमा सञ्चालित योजना तथा परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन यसको सफल अभ्यास हुदै आइरहेको छ। यसै सन्दर्भमा महाभारत गाउँपालिकाले पनि योजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिमा योजनाको अनुगमन तथा मूल्याङ्कन पश्चात् अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा छलफल गर्नुपर्ने प्रावधान भए बमोजिम अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको अपरिहार्यता प्रष्ट झल्किन्छ। तसर्थ यस प्रतिवेदनमा अनुगमन गर्दा अपनाउनुपने विधि तथा प्रक्रिया, सूचक तथा सूचनाका स्रोतहरू, संस्थागत व्यवस्था र सूचनाको प्रयोग सम्बन्धी विषयलाई समेटेको छ। प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउन यसलाई सहभागितामूलक बनाउन आवश्यक छ। गाउँपालिकाको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्न, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन प्रणालीको विकास गरी तिनलाई गाउँपालिकाका विभिन्न तहहरूमा लागू गरी संस्थागत गर्न, मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्न, गराउन र सोको आधारमा गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनमा सुधार गर्नुका साथै अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास समेत गर्ने उद्देश्य लिई यो प्रतिवेदन तयार पारिएको छ।

१. २ अनुगमनको उद्धेश्य

अनुगमनले संचालित योजना,आयोजना तथा क्रियाकलापहरुलाई व्यवस्थित, सरल, नतिजामूलक, विश्वसनीय र प्रभावकारी बनाई नीति निर्णय प्रक्रियालाई तथ्यपरक बनाउनुका साथै पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्न सहयोग गर्ने मूल उद्देश्य लिएको छ। उपरोक्त उद्धेश्यहरुका साथै अनुगमन तथा सुपरीवेक्षणका निम्न उद्देश्यहरू रहेका छन्।

✓ कार्यक्रम / आयोजना कार्यान्वयन चरणमा लगानी, क्रियाकलाप, प्रक्रिया र प्रतिफल सूचकहरूको आधारमा

कार्यसम्पादन भए नभएको निर्धारण गर्न ।

- ✓ कार्यक्रम/आयोजनाको कार्यान्वयन चरण सम्पन्न भएपछि उक्त कार्यक्रम / आयोजनाको निर्धारित आयुसम्म निरन्तर सञ्चालनको लागि आवश्यक पर्ने स्रोतसाधन तथा मर्मत सम्भार निश्चित गर्न ।
- ✓ कार्यक्रम / आयोजनाको आवश्यकता तथा सुनिश्चितता निर्धारण गर्न,
- ✓ कार्यक्रम / आयोजनाको पूर्ण विवरण स्पष्ट गर्न र सूचकहरू निर्धारण गर्न ।
- ✓ कार्यक्रम / आयोजनाको प्रगतिको समीक्षा गर्न, पूर्वनिर्धारित कार्ययोजनामा परिमार्जन गर्न वा सञ्चालन ढाँचामा आवश्यक परिवर्तन गर्न ।
- ✓ कार्यक्रम/आयोजनाको कार्यक्षमता, प्रभावकारिता र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न र कार्यक्रम / आयोजना सम्पन्न भएपछि थप कार्य (Follow-up) आवश्यक रहेको वा नरहेको निक्र्यौल गर्न ।
- ✓ संचालित कार्यक्रम / आयोजनाको प्रभाव र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न, भविष्यमा कार्यक्रम/आयोजनाको तर्जुमा र कार्यान्वयन गर्दा सुधार गर्नका लागि सिकाइ र सुझावहरू प्राप्त गर्न ।
- ✓ योजना कार्यान्वयनको विभिन्न चरणमा गरिने अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उचित समयमा सम्बोधन गर्न ।

### १. ३ अनुगमनको ढाँचा एवं विधि

आयोजना कार्यान्वयन प्रक्रियालाई पारदर्शी तथा उत्तरदायी बनाउन सेवा प्रदायक र सेवाग्राहीको सहभागितामा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ । सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनले संस्थागत सिकाइ अभिवृद्धि गर्ने, सरोकारवालाको धारणा बुझी आयोजनामा सुधार गर्ने र प्रभाव मूल्याङ्कन गरी सार्वजनिक उत्तरदायित्व वा जवाफदेहिता अभिवृद्धि गर्ने गर्दछ । साथै यसबाट सरोकारवालालाई आयोजनाको अवस्थाको जानकारी हुन गई समयमै प्रतिफल प्राप्तिमा सहयोग पुग्ने हुन्छ । तसर्थ महाभारत गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले गाउँपालिका, वडा र अन्य निकायहरुबाट सञ्चालित क्रियाकलाप, आयोजना र योजनाको अनुगमनका लागि विभिन्न ढाँचा एवं विधिहरु प्रयोग गर्दै आइरहेको छ । विकास आयोजनाहरूको प्रगति विवरण वा सूचनाका आधारमा गरिने समीक्षा अपर्याप्त भएमा वा अनुगमन गर्ने निकायले कार्यथलोमा नै गई आफ्नै आँखाले तथ्य एकिन गर्न वा आयोजनाको व्यवस्थापन लगायत सम्बद्ध सरोकारवालाहरूको धारणा सङ्कलन गरी कार्यान्वयनमा आउनसक्ने समस्या समयमै पहिचान तथा समाधान गर्न आवश्यक देखेमा स्थलगत निरीक्षण गर्नुपर्दछ । बुँदागत रुपमा आयोजनाको स्थलगत अनुगमन / निरीक्षणका लागि देहाय बमोजिमका क्रियाकलापहरू गर्ने गरिएको छ :-

(क) आयोजनाबाट प्राप्त प्रगति प्रतिवेदनको सत्यता एकिन गर्न वास्तविकता अबलोकन गर्ने गरिएको ।

(ख) आयोजना कार्यान्वयनका क्रममा आइपरेका समस्याहरूबारे जानकारी लिने गरिएको ।

(ग) समस्या समाधानमा सहयोग गर्ने, आयोजना निर्माण स्थलमा नै निर्देशन दिने, समस्या समाधानका लागि व्यवस्थापनले गरेका प्रयासबारे जानकारी लिने, समस्या समाधानका निमित्त समन्वय गर्ने एवम् विभिन्न विकल्पहरू पहिचान गर्ने र समस्या तथा समाधानका विकल्पका वारेमा निर्णयकर्तालाई जानकारी गराउने।

(घ) आयोजनाका सम्बन्धमा लाभग्राही वर्ग लगायत अन्य पक्षको धारणाबारे जानकारी लिने।

(ङ) आयोजना र अन्य पक्षबीच कुनै विवाद परेमा समाधानका लागि सहयोग गर्ने।

अनुगमन तथा सुपरीवेक्षण समितिले निर्धारित गरेको रुजुसूची (checklist) को आधारमा सेवाग्राहीहरूसँगै व्यवस्थित तरिकाले स्थलगत भ्रमण गरी सूचनापाटीमा रहेका सूचनाको सत्यता एकिन गर्ने गरेको छ। यस्तो भ्रमणले स्थानीय समुदायसँग सम्बन्ध स्थापित गर्न, नक्सामा उल्लेख गरिएका पक्षहरूलाई पुष्ट्याई गर्न, स्थानीयवासीहरूका विकास कार्यका समस्या र समाधानका उपायका बारेमा अवगत गर्न मद्दत पुगेको छ।

अनुगमन, निरीक्षण तथा अवलोकनका क्रममा निम्नानुसारका विधिहरू अपनाइएको थियोः

(क) स्थलगत अनुगमन, निरीक्षण तथा अवलोकन

(ख) आयोजनासँग सम्बन्धित उपभोक्ता समितिका पदाधिकारी र उपभोक्ताहरूसँग छलफल र अन्तरक्रिया

(ग) गाउँपालिकामा क्रियाशिल राजनीतिक दलका पदाधिकारी लगायतका अगुवाहरुसँगको अन्तरक्रिया

१. ४ अनुगमनको सीमा

- साना टुक्रे योजनाहरुको बाहुल्यता भएकाले सम्पूर्ण योजनाहरुको अनुगमन प्रभावकारी हुन नसक्नु,
- आयोजना तर्जुमा प्रक्रियाको प्राथमिककरण चरणमा चुस्तता नहुँदा नतिजा प्राप्तिमा कठिनाई
- योजनाको अनुगमनमा बढी समयको खपत हुने हुदा सीमित समयमा सीमित पदाधिकारीबाट अनुगमन गर्न नसकिनु
- कठिन भौगोलिक अवस्था र उपभोक्ता समितिहरुबाट सृजना हुने अनावश्यक दवावले योजना अनुगमनमा सृजनात्मकता नभई तनावको वातावरण सृजना हुने।

भाग २ : तथ्य र तथ्याङ्कको प्रस्तुती, विश्लेषण र व्याख्या

## २.१ फिल्ड भ्रमण तथा अवलोकनको सारांश

### २.१.१ सडक तथा गोरेटो बाटो

| क्र.सं. | योजनाको नाम | योजनास्थल ठेगाना | अनुगमन मिति | विनियोजित बेट रु | भौतिक प्रगति प्रतिशतमा | अनुगमन गर्दा देखिएका तथ्य र सझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | फुस्रेडाँडा भाकार गाँउ सडक निर्माण | महाभारत - ५ | २०८१।११।१२ | ५५०००० | १०० | नयाँ ट्र्याक निर्माण ५४० मि सरदर चौडाई ४ मि प्राविधिक स्टमेट बमोजिम काम भएको | १ पटक अनुमगन |
| २. | भलडाँडा कोलभन्ज्याङ आधिमारा सडक | महाभारत -५ | २०८१।११।१२ | ६०००००० | १०० | ९५ मि लम्बाई र सरदर ३ मि चौडाई को नयाँ ट्र्याक निर्माण ग्रेड ठिकै रहेको ब्रेकर प्रयोग गरेको | १ पटक अनुमगन |
| ३. | वडा स्तरीय सडक मर्मत | महाभारत -५ | २०८१।९।१६ | ७००००० | १०० | सडक मर्मत कार्य गरेको पहिरो सरसफाई गरेको | १ पटक अनुमगन |
| ४. | आहाले बाँसपुर सिङ्गार भन्ज्याङ वनखु सडक समपुरक योजना | महाभारत -६ र ७ | २०८१।११।१२ | १००००००० | ३० | खण्ड खण्डमा ग्याविन निर्माण कटिङ्ग गरेको नाली निर्मा ण गर्दै गरेको | १ पटक अनुमगन |
| ५. | तीनखुट्टे सरदुङ बुढाखानी सडक क्रमागत समपुरक योजना | महाभारत -४ | २०८१।९।२८ | १५०००००० | ३० | खण्ड खण्डमा ग्याविन निर्माण कटिङ्ग गरेको सव बेश राखे को ग्रेड मिलाएको | १ पटक अनुमगन |
| ६. | पधेरो गैरी नौघरे सडक अधुरो सडक | महाभारत -५ | २०८१।११।१२ | ६००००० | १०० | ग्रेडिङ मिलेको चट्टयान रहेको सरदर चौडाई ४ मि रहेको लम्बाई १७० मि | १ पटक अनुमगन |
| ७. | वडा स्तरीय सडक मर्मत | महाभारत -२ | २०८१।०८।२० | ५५०००० | १०० | सडक मर्मत कार्य गरेको पहिरो सरसफाई गरेको | १ पटक अनुमगन |
| ८. | वडा स्तरीय सडक मर्मत | महाभारत -३ | २०८१।०८।०५ | ६५०००० | १०० | सडक मर्मत कार्य गरेको पहिरो सरसफाई गरेको | १ पटक अनुमगन |
| ९ | ७ नंवडा स्तरीय सडक मर्मत | महाभारत ७ | २०८१।०८।१० | ७००००० | १०० | सडक मर्मत कार्य गरेको पहिरो सरसफाई गरेको | १ पटक अनुमगन |

| क्र.सं. | योजनाको नाम | योजनास्थल/ ठेगाना | स्रोत | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति % | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १० | चौतारा रोल्ला सिङ्गेडाँडा गोगने सडक स्तरोन्नती | महाभारत - ६ | प्रदेश सशर्त | २०८१।१२।२१ | २५००००० | १०० | सडक सरसफाई गरेको ग्याविन ७ स्थानमा लगाएको मोडहरु कटिङ्ग गरी मिलाएको | योजना सम्पन्न भएको |
| ११ | तीनखुट्टे सरदुङ्ग बुढाखानी सडक | महाभारत – ४ | संघ समपूरक | २०८१।१२।२१ | १५०००००० | ९५ | सडक ढलान गरेको कटिङ्ग गरी ग्रेड मिलाएको कुनै ठाउँमा ग्याविन राखेको | दोस्रो अनुगमन सम्पन्न भएको |
| १२ | कोल्टार वडा नं ३ कार्यालय मसानेभन्ज्याङ्ग महादेवटार  सडक | महाभारत – ३ | | २०८१।१२।२१ | १५०००००० | ५० | ग्रेडिङ मिलएको चट्टयान रहेको  कटिङ्ग गरेको ग्याविन राखेको | योजना आंशिक रुपमा सम्पन्न भएको |
| १३ | ठाडे मोक्तानटोल बम्जनटोल सडक | महाभारत – ३ | गा पा स्तरीय अधुरो योजनाहरु | २०८१।१२।२१ | ५५०००० | ८५ | सडक मर्मत कार्य गरेको पहिरो सरसफाई गरेको नयाँ ट्राक निर्माण गरेको चट्टान रहेकोले काम पूरा नभएको | योजना आंशिक रुपमा सम्पन्न भएको |
| १४ | बेतेनी बिसौनी कालीमाटी बासपुर सडक मर्मत | महाभारत ५ | | २०८१।१२।२१ | १०००००० | १०० | ४८ मि लम्बाई भएको सरदर ४ मि चौडाईको सडक | योजना सम्पन्न भएको |
| १५ | गाँपालिका सल्लेनी हजार सिढी निर्माण | महाभारत ६ | संघ सशर्त | २०८१।१२।२१ | २७००००० | | ५५७ खुट्किला सिढी निर्माण flag stone ले छापेको stone machinery wall लगाएको | योजना सम्पन्न भएको |

- महाभारत गाउँपालिकाबाट आ.व. २०८१/०८२ मा सडक निर्माणको लागि प्रस्तावित योजनाहरु उपभोक्ता समिति र ठेक्का प्रक्रियाबाट निर्माण व्यवसायी मार्फत निर्माण कार्य भइरहेका छन्। तीन लाख भन्दा बढी बजेट विनियोजन भई निर्माण सम्पन्न भएका अधिकांश सडक आयोजनाहरु डिजाइन र लागत अनुमान बमोजिम निर्माण भएपनि सडक निर्माणका लागि चाहिने आधारभूत मापदण्डहरु कतै कतै पुरा नभएको देखियो।
- प्रत्येक वडाबाट सडक निर्माण लागि प्राथमिकता निर्धारण गरी सडक निर्माणका लागि माग आउने गरेको र माग अनुरुप बजटे विनियोजन हुन नसक्दा गुणस्तरीय सडक निर्माण हुन नसकेको देखिन्छ।

- कतिपय सडक योजनाहरुको बजेट विनियोजनमा दोहोरोपना (संघ, प्रदेश र स्थानीय तह) हुँदा अनुगमनमा समस्या पर्ने गरेको छ। ३ प्रतिशत योजना निर्माणस्थलमा योजना सूचना पाटी नराखिएको देखिएकाले आगामी दिनमा योजना निर्माणको शुरुवात देखिनै योजना निर्माण स्थलमा सूचना पाटी राख्नु पर्ने देखिन्छ।
- उपभोक्ता समितिहिरुले निर्माण कार्यको प्रारम्भ देखिनै प्राविधिकको सल्लाह सुझाव अनुरुप योजना कार्यान्वयनको शुरुवात भएकोले डिजाइन र लागत अनुमान बमोजिम काम भएको, कतै कतै काममा अन्यौल भएको पाईकोले आगामी दिनमा प्राविधिकको निगरानीमा काम संचालन गर्नुपर्ने देखिन्छ।
- निर्माण व्यवसायी मार्फत निर्माण सम्पन्न भएका सडक योजनाहरुमा प्रयोग भएका सामाग्री कतै कम गुणस्तरीय देखिन आएको र तोकिएको समयमा निर्माण सम्पन्न नभएकोले आगामी दिनमा यसलाई सुधार गर्नु पर्ने देखिन्छ । अनुगमन गरिएका सडक निर्माण योजनाहरुको भौतिक प्रगति औषतमा ८५ देखि १०० प्रतिशत भएको देखिन्छ।

२.१.२ खानेपानी

| क्र.सं. | योजनाको नाम | योजनास्थल/ ठेगाना | स्रोत | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | मानेखोला कुलुङ आहालबेसी खानेपानी | महाभारत -७ | समानिकरण अनुदान | २०८२।०१।०८ | १०००००० | १०० | ट्याङ्की निर्माण ४ वटा २०एम एम २५ एम एम ३२ एम एम र ४०ल एम एमको पाइप प्रयोग भएको ड्राई वाल मेशसनरी वाल पप पफ सी स्टोन वाल लगाएको | प्रत्येक घरमा पानीको सहज आपूर्ति रहेको |
| २ | काभ्राखोल्सी हलिदे खानेपानी | महाभारत ६ | संघ विशेष | विभिन्न समयमा | १४०००००० | ५० | धारा ट्याङ्की निर्माण पाइपलाइनको काम भएको | ठेक्का मार्फत निर्माण कार्य सूचारु रहेको |
| ३ | पात्ले छाँगा आकुरा खानेपानी महाभारत ८ | महाभारत ८ | प्रदेश सशर्त | विभिन्न समयमा | २७५०००० | ४० | धारा ट्याङ्की निर्माण पाइपलाइनको काम भएको | |

गाउँपालिका र वडा कार्यालयबाट खानेपानीको निर्माण र मर्मतका लागि प्रयाप्त बजेट विनियोजन भएकोमा एक घर एक धारा निर्माणको अवधारणा अनुरुप निर्माण सम्पन्न भएको छ । समुदायको वास्तविक आवश्यकता भएको योजनामा गुणस्तरीय काम भएको र कम आवश्यकता भएको योजनामा कामको कम गुणस्तर भएको देखिएको छ। सामग्री खरिद गर्दा कतैकतै खरिद सम्बन्धी आवश्यक प्रक्रिया पुरा नगरी सामाग्री खरिद गरिएको पाइएको छ ।

फिटिङ् सामाग्री खरिदमा पनि ध्यान नपुर्‍याएको र खरिद गर्नुपर्ने सामग्रीको मात्रामा कतै फरक परेको देखिन्छ । अनुगमन सम्पन्न भएका योजनाहरुको भौतिक प्रगति औषतमा ९५ देखि १०० प्रतिशत सम्म भएको देखिन्छ |

### २.१.३ सिँचाई

| क्र. सं. | योजनाको नाम | योजनास्थल/ ठेगाना | स्रोत | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | महादेवटार सिचाई योजना | महाभारत – ४ | प्रदेश सशर्त | २०८१।१२।०४ | २५००००० | १०० | सिचाईको लागि खोला देखि प्लम वाल लगाई नहर निर्माण गरेको नहरको मर्मत गरेको डिभाडर ३ वद् बनाएको पलाष्टिकको पाईप प्रयोग भएको मेशिनरी वाल लगाएको आ सी सी वाल नालीमा लगाएको | योजना सम्पन्न भएको |

### २.१.४ झोलुङ्गे पुल

| क्र. सं. | योजनाको नाम | योजनास्थल/ ठेगाना | स्रोत | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | नामटार देउराली झोलुङ्गे पुल | महाभारत – ३ र ६ | संघ सशर्त | २०८१।१२। ०८ | जम्ममा बजेटको १३ प्रतिशत | १०० | नमटार देउराली र फोक्सिङ्टार ख्यापुवा जोड्ने बनखु खोला झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएको | |
| २ | फोक्सिन्टार ख्यापुवा बनखु खोला झो पु | महाभारत ३ | संघ सशर्त | २०८१।१२। ०८ | जम्ममा बजेटको १३ प्रतिशत | १०० | निर्माण कार्य सम्पन्न भएको ११३ मि लामो सम्पन्न | |

### २.१.५ गुम्बा

| क्र. सं. | योजनाको नाम | योजनास्थल/ ठेगाना | स्रोत | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | छयोमी ग्याजिलिङ गुम्बा | महाभारत – ३ | गा पा स्तरीय अधुरो योजनाहरु | २०८२।०१।१३ | १४००००० | १०० | कोठा विभाजन गरेको | |
| २. | छयोङयाल देक्षेन गुम्बा कलवन | महाभारत – ४ | गा पा स्तरीय अधुरो योजनाहरु | २०८१।१२।०७ | १०००००० | १०० | ३/४ भाग छत ढलान भएको १२*१२ को १२ वटा पिलर निर्माण ९ इन्चको इटाको वाल लगाएको २ ढोका र ५ झ्यालको चौकोश फिटिङ्ग गरेको सडक मर्मत कार्य गरेको पहिरो सरसफाई गरेको | |

### २.१.५ भवन

| क्र.सं. | योजनाको नाम | योजनास्थल/ ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३ | घर्तीछाप अस्पताल | महाभारत ८ | २०८१।१२।१२ | क्रमागत योजना | ९५ | १० शैयाको आधारभुत अस्पतालको निर्माण कार्य तिव्र गतिमा चलिरहेको ढलानको काम चलिरहेको | |
| ४ | गाउँपालिकाको प्रशासकीय भवन | महाभारत ६ | समयसमयमा | क्रमागत योजना | ९९ | गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको।पलाष्टर वायरिङ कलरको काम सकेर सम्पन्न गर्ने क्रममा रहेको | |

३ : प्रमुख उपलब्धिहरु

- ❖ आवधिक रुपमा योजनाको अनुगमन र सुपरीवेक्षण हुने हुदा प्रस्तावित योजनाहरुलाई मनोमानील्य रुपमा कार्यान्वयन गर्नमा कमी आएको,
- ❖ उपभोक्ता समितिले प्राविधिकको प्रत्यक्ष निगरानीमा निर्माण कार्य गर्ने भएकाले उक्त काम गुणस्तरयुक्त हुन गरेको ।
- ❖ अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस अनुरुप योजनाको भुक्तानी गर्ने प्रावधानले गर्दा गुणस्तरीय काम हुने गरेको ।
- ❖ दवावको भरमा भुक्तानी गर्ने परिपाटीको अन्त्य गर्ने प्रयास भएको ।

भाग ४ : प्रमुख समस्याहरु

- ○ टुक्रे योजनाहरुको संख्या धेरै भएकाले अनुगमन गर्न कठिनाइ हुने गरेको ।
- ○ अनुगमन कार्यमा वडास्तरका जनप्रतिनिधिको कम संलग्नता हुने गरेको र उपभोक्ता समितिको अध्यक्ष र सचिवलाई मात्र उक्त काममा जिम्मेवार बनाउने गरिएको ।
- ○ अनुगमन तथा सुपरीवेक्षण समितिको बैठक नियमित रुपमा नहुनु,
- ○ अनुगमन तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषणको पूर्ण रुपमा कार्यान्वयन नहुने ।
- ○ अनुगमन तथा मूल्यांकन प्रणाली कम सहभागितामूलक हुनु ।
- ○ निष्पक्ष तथा वस्तुगत कार्य सम्पादन अनुगमन र मूल्यांकन गरी पुरस्कार, सुधार तथा दण्डको नीति अवलम्बन नगर्नु |
- ○ आधुनिक तथा वैज्ञानिक प्रविधिको प्रयोग अपेक्षित रुपमा हुन नसक्नु ।

भाग ५ : सिकाईहरु

- ▪ निश्चित समय तालिका अनुसार अनुगमन गर्दा दैनिक सेवा प्रवाहमा समस्या हुने नगरेको ।
- ▪ उपभोक्ता समिति र निर्माण व्यवसायीलाई पूर्व सूचना गरेर अनुगमन गर्दा सम्पूर्ण सदस्यहरुसंग छलफल र पुष्ठपोषण गर्न सहज हुने गरेको ।
- ▪ अनुगमन कार्यमा समग्र समितिका सदस्यहरुको अनिवार्य उपस्थितिले भुक्तानी सिफारिसमा सहज हुने गरेको
- ▪ समिति सदस्यहरु तथा सरोकारवालाहरुको पृष्ठपोषणबाट कमिकमजोरीहरुको शिघ्र सम्बोदन गर्न सकिने

भाग ६ : निष्कर्ष र सुझावहरु

६.१ निष्कर्ष

नेपालमा राजनीतिक रुपान्तरणको कार्य सम्पन्न भए पश्चात् तीनै तहका सरकारहरुले

व्यवस्थापिका,कार्यपालिका र न्यायपालिकाको अभ्यास गरिरहेका छन् । तसर्थ सङ्घीयताको अभ्यास गर्ने क्रममा गाउँपालिकाको अबको ध्यान आर्थिक, सामाजिक रुपान्तरणतर्फ केन्द्रित हुनुपर्ने वास्तविकलाई हृदयंगम गर्दै **कृषि पर्यटन र पूर्वाधा - समृद्ध महाभारतको मूल आधार**को नारा तय गरेर त्यस दिशातर्फ गाउँपालिका अघि बढ्न खोजिरहेको छ । विद्यमान शासन प्रणालीमा भएको रुपान्तरणसँगसँगै जनताका माग र अपेक्षा बढ्दै गएको सन्दर्भमा जनताले परिवर्तनको प्रत्यक्ष अनुभूत गर्ने गरी गाउँपालिकाको समग्र विकास प्रक्रियालाई अगाडि बढाउनु अति जरुरी देखिएको छ । अन्यथा नयाँ व्यवस्थाप्रति पनि जनताको विश्वास र भरोसा विस्तारै घट्दै र हट्दै जानसक्छ । यसको परिणामस्वरुप कठिन संघर्ष र बलिदानीबाट प्राप्त गरेको नयाँ व्यवस्था पनि असफल हुन गई सिंगो देश नै असफल बन्ने दिशातर्फ अघि बढ्न सक्छ । तसर्थ उपरोक्त सुझावहरुलाई ग्रहण गर्दै महाभारत गाउँपालिकाको योजनाको कार्यान्वयन र अनुगमन एवं मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

६.२ सुझावहरु :

- स्तरीय तथा सहभागितात्मक अनुगमनमा जोड दिने
- एकीकृत सूचना प्रणालीको विकास तथा अनुगमन मूल्यांकनको कार्यशैली, प्रक्रिया र संरचनामा परिवर्तन गरी स्वचालित संयन्त्रको निर्माण गर्ने ।
- अनुगमन तथा मूल्यांकन कार्यमा संलग्न जनशक्तिको सीप र दक्षता अभिबृद्धि गर्ने ।
- आयोजना कार्यक्रमहरुसँग सम्वन्धित निकाय र जनशक्तिको कार्य सम्पादन मूल्यांकनलाई आयोजनाको प्रगतिसँग आवद्ध गर्ने ।
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त नतिजालाई योजना, कार्यक्रम तथा आयोजना तर्जुमा, कार्यान्वयनमा पृष्ठपोषणको रुपमा प्रयोग गर्ने पद्धतिको विकास गर्ने ।
- सार्वजनिक सरोकारका आयोजनाहरुको अनुगमन तथा मूल्यांकनमा लाभग्राही सरोकारवालाहरुलाई समेत संलग्न गराउनु पर्ने ।
- सूचना प्रविधिको अधिकतम प्रयोग गरी वेवमा आधारित तथा स्वचालित अनुगमन प्रणालीको विकास र विस्तार गर्ने ।
- अनुगमन, मूल्यांकनको लागि निश्चित बजेट विनियोजन गर्नुपर्ने कानूनी व्यवस्था गर्नुपर्ने ।
- हरेक विषयगत शाखाले वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गर्नुपर्ने